Dialogue

Domain: Community Welfare
Gender of English Speaker: Female
Gender of LOTE Speaker: Male

The dialogue conversation takes place between **Mrs. Warner**, an Officer from Department of Immigration and Multicultural and Indigenous Affairs and a **Father**. He is inquiring about the free English coaching for his son.

The dialogue begins now.

No.	Speakers	Segments	Words
1	Father	नमस्ते, मैले तपाईंहरु यहाँ नि:शुल्क अंग्रेजी प्रशिक्षण कक्षा प्रदान गर्नुहुन्छ भन्ने सुने । म यसको बारेमा जानकारी लिन आएको हुँ । *Namastē, mailē tapāi haru yahā ni:sulka aṅgrējī praśikṣaṇa kakshya pradāna garnuhuncha bhannē sunē. Ma yasakō bārēmā jānakārī lina āayēkō hu.*	20
Translation		Hello, I heard that you provide free English coaching class here. I came to get information regarding it.	17
2	Mrs. Warner	Hello, yes, you heard that right. Are you inquiring for yourself or for someone else?	15
Translation		नमस्कार, हो, तपाईंले त्यो सही सुन्नुभयो । के तपाईं आफ्नै लागि वा अरु कसैको लागि सोधपुछ गरिरहनुभएको छ? *Namaskāra, hō, tapā'īnlē tyō sahī sunnubhayō. Kē tapā'ī āphnai lāgi wa aru kasaikō lāgi sōdhapucha garirahanu bha'ēkō cha?*	17
3	Father	हामी केहि महिना अगाडि मात्रै अष्ट्रेलियामा सरेका हौं र अहिले, मलाई मेरो छोरालाई विद्यालयमा भर्ना गर्ने बारेमा सोच्नुपर्ने भएको छ, तर उसको अंग्रेजी धेरै नराम्रो छ । के तपाईं मलाई यसको बारेमा थप कुरा बताउन सक्नुहुन्छ? *Hāmī kēhi mahinā agāḍi mātrai aṣṭrēliyāmā sarēkā thiyauṁ ra ahilē, ma mērō chōrālā'ī bidyālayamā bharnā garnē bārēmā sōchna parnē bha'ēkō cha, tara usakō aṅgrējī dhērai narāmrō cha. Kē tapāi malā'ī yasakō bārēmā thapa kurā batā'una saknuhuncha?*	36

Translation		We moved to Australia some months ago only and now, I will need to think of enrolling my son in a school, but his English is very poor. Can you tell me more about it?	35
4	**Mrs. Warner**	Don't worry, we will teach him to speak English within no time. How old is your child? I will need to interview him to check his fluency and suggest the course.	31
Translation		चिन्ता नलिनुहोस्, हामी उसलाई समय नै नलगाई अङ्ग्रेजी बोल्न सिकाउनेछौं । तपाईंको छोरा कति वर्षको छ? मैले उसको प्रवाह हेरेर कोर्सको सुझाव दिन मैले उसलाई अन्तर्वार्ता लिनुपर्नेछ । *Chintā nalinuhōs, hāmī usalā'ī samaya nai nalagā'ī aṅgrējī bōlna sikā'unēchauṁ. Tapā'īṅkō chōrā kati barṣakō cha? Mailē usakō prabāha hērēra kōrsakō sujhāva dina mailē usalā'ī antarvārtā linuparnēcha.*	26
5	**Father**	हो, पक्का । म उसलाई अर्को पटक ल्याउनेछु । वास्तवमा, हामी घरमा अंग्रेजी बोल्दैनौं । त्यसैले, उसलाई वाक्यहरू बनाउन र कुराकानी गर्न गाह्रो भएको छ । *Hō, pakkā. Ma usalā'ī arkō paṭaka lyā'unēchu. Bāstabamā, hāmī gharamā aṅgrējīmā bōldainauṁ. Tyasailē, usalā'ī wākyaharū banā'una ra kurākānī garna gāhrō bha'ēkō cha.*	22
Translation		Yes, sure. I will bring him next time. Actually, we don’t speak in English at home. So, he has tough time making sentences and conversing.	25
6	**Mrs. Warner**	Yes, understandable, don’t worry, most of our students who come here are from different parts of world and after completing the course from here they have no problem in having a conversation and understanding English.	35
Translation		हो, बुझें, चिन्ता नगर्नुहोस् । यहाँ आउने हाम्रा धेरैजस्ता विद्यार्थीहरू विश्वका विभिन्न भागहरुबाट हुन्छन् र यहाँबाट कोर्स पूरा गरेपछि, उनीहरूलाई अङ्ग्रेजीमा कुराकानी गर्न र बुझ्नमा कुनै समस्या हुदैँन । *Hō, bujhēṁ, chintā nagarnuhōs. Yahāṁ ā'unē hāmrā dhēraijastā bidyārthīharū biśvakā bibhinna bhāgaharubāṭa hunchan ra yahāṁbāṭa kōrsa pūrā garēpachi, unīharūlā'ī aṅgrējīmā kurākānī garna ra bujhnamā kunai samasyā hudaiṁna.*	27
7	**Father**	यो एकदमै राम्रो कुरा हो । मेरो छोराको लागि चाहिएको कुरा ठ्याक्कै त्यही हो । यसको शुल्क कस्तो होला? *Yō ēkadamai rāmrō kurā hō. Mērō chōrākō lāgi chāhi'ēkō kurā ṭhyākkai tyahī hō. Yasakō śulka kastō hōlā?*	17

Translation		It's wonderful. That's exactly what I wanted for my son. What about the fees?	14
8	**Mrs. Warner**	It's for free. Your son's coaching cost will be covered by Centrelink. You need to fill this form and submit it. We will enroll him in intermediate course and then to advance course.	33
Translation		यो नि:शुल्क हो । तपाईंको छोराको प्रशिक्षण खर्च सेन्टरलिङ्कले समेट्नेछ । तपाईंले यो फाराम भरेर बुझाउनु पर्छ । हामी उसलाई मध्यवर्ती कोर्समा भर्ना गर्नेछौं र त्यसपछि एडभान्स कोर्समा राख्नेछौं । *Yō ni:Śulka hō. Tapā'īṅkō chōrākō praśikṣaṇa kharcha sēnṭaraliṅkalē samēṭnēcha. Tapā'īnlē yō phārāma bharēra bujhā'unu parcha. Hāmī usalā'ī madhyavartī kōrsamā bharnā garnēchauṁ ra tyasapachi ēḍabhānsa kōrsamā rākhnēchau.*	27
9	**Father**	ठीक छ, त्यसोभए मैले मेरो छोरालाई अन्तर्वार्ताको लागि कहिले ल्याउनुपर्छ? भोली कस्तो होला? म उसलाई सकेसम्म चाँडो सुरु गराउन चाहन्छु, ताकि उ आफ्नो विद्यालयमा गएर नयाँ साथीहरू बनाउन सकोस् । *Ṭhīka cha, tyasōbha'ē mailē mērō chōrālā'ī antarwārtākō lāgi kahilē lyā'unuparcha? Bhōlī kastō hōlā? Ma usalā'ī sakēsam'ma chaḍō suru garna chāhanchu, tāki u āphnō bidyālayamā ga'ēra nayāṁ sāthīharū banā'una saos.*	29
Translation		Ok, so when should I bring my son for the interview? What about tomorrow? I want him to get started as soon as possible, so he can join his school and make new friends.	34
10	**Mrs. Warner**	Yes, sure. Bring him tomorrow then. Have a nice day.	10
Translation		हो, पक्का । उसलाई पछि भोलि ल्याउनुहोस् । तपाईंको दिन शुभ रहोस् । *Hō, pakkā. Usalā'ī pachi bhōli lyā'unuhōs. Tapā'īṅkō dina śubha rahōs.*	10

The end of the dialogue

Vocabulary of English Coaching Class

1. Provide: प्रदान गर्नु, दिनु *Pradāna garnu, dinu*
2. Free: निःशुल्क *Niḥśulka*
3. Coaching: प्रशिक्षण, तालिम *Praśikṣaṇa, tālima*
4. Information: सूचना, जानकारी *Sūchanā, jānakārī*
5. Heard: सुनेको *Sunēkō*
6. Inquiring: सोधपुछ गरिरहेको *Sōdhapucha garirahēkō*
7. Regarding: बारेमा, सम्बन्धित *Bārēmā, sambandhita*
8. Moved: सरेको *Sarēkō*
9. Enrolling: भर्ना गरेको, प्रवेश गरेको *Bharnā garēkō, prabēśa garēkō*
10. Poor: नराम्रो, खराब *Narāmrō, kharāba*
11. within no time: समय नै नलगाई, छिट्टै *Samaya nai nalagā'I, chiṭṭai*
12. course: कोर्स, पाठ्यक्रम *Course, Pādhyakram*
13. worry: चिन्ता, पिर *Chintā, pira*
14. fluency: प्रवाह, सरसर, फरर बोल्ने *Prabāha, sarasara, pharara bōlnē*
15. suggest: सुझाव दिनु *Sujhāba dinu*
16. Actually: वास्तवमा, साँच्चै *Bāstabamā, sānchai*
17. Tough: गाह्रो, अप्ठ्यारो *Gāhrō, apṭhyārō*
18. Making: बनाउन *Bānāuna*
19. Completing: पूरा गरिरहेको *Pura gariraheko*
20. Conversation: कुराकानी *kurākāni*
21. Understanding: बुझाई *bujhāi*
22. Sentences: वाक्य *Wākya*
23. Conversing: कुराकानी गर्नु *Kurākānī garnu*
24. Wonderful: एकदमै राम्रो *Ēkadamai rāmrō*
25. Exactly: ठ्याक्कै *Ṭhyākkai*
26. Fees: शुल्क *Śulka*
27. Cost: खर्च, लागत *Kharcha, lāgata*
28. Covered: समेटेको *Samēṭēkō*
29. Centrelink: सेन्टरलिङ्क *Sēnṭaraliṅka*

30. Fill: भर्नु *Bharnu*
31. Form: फाराम *Phārāma*
32. Submit: पेश गर्नु, बुझाउनु *pesh garnu, bujhāunu*
33. intermediate course: मध्यवर्ती कोर्स, माध्यमिक कोर्स *Madhyabartī kōrsa, mādhyamik kōrsa*
34. advance course: एडभान्स कोर्स *Ēḍabhānsa kōrsa*
35. interview: अन्तर्वार्ता *Antarwārtā*